# नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौँ, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:-

२०८१/६/१२

## विज्ञप्ति

मिति २०८१/६/११ देखि देशभर भएको अविरल वर्षाबाट विभिन्न स्थानमा भौतिक र मानवीय क्षतिका विवरण आइरहेका छन् । देशभर विश्वविद्यालय र विद्यालयका भवनमा क्षति पुगेको, विद्यार्थी र अभिभावक बाढी पहिरोको चपेटामा परेको, यातायात अवरुद्ध भएको र दैनिक जीवनयापनमा कठिनाइ भएको जानकारी मन्त्रालयमा प्राप्त भइरहेको छ । विपदको यस दुःखद घडीमा तीनै तहका सरकार, गैरसरकारी क्षेत्र तथा आम नागरिक सबैले संयमता अपनाई समन्वयात्मक रूपमा विपद् व्यवस्थापनमा जुट्न कार्यवाहक प्रधानमन्त्रीज्यूको अध्यक्षतामा आज बसेको विपद्सम्बन्धी आकस्मिक बैठकले विपद् व्यवस्थापनका लागि सरकारी, गैरसरकारी क्षेत्र, नागरिक समाज र अन्य सबैले सक्रिय भई लाग्न अनुरोध गरेको छ । साथै उक्त बैठकले हाललाई विश्वविद्यालय, परिषद्लगायत सबै शैक्षिक संस्थाका परीक्षा स्थगन गरी परिवेश आकलन गरेर उपयुक्त समयमा सञ्चालन गर्न अनुरोध गर्ने निर्णयसमेत गरेको हुँदा सोबमोजिम गर्नुहुन अनुरोध छ । विद्यालय भवनमा आकस्मिक व्यवस्थापनसमेत गर्नुपर्ने भएकाले देशभरका सबै विद्यालय भोलिदेखि तीन दिन बन्द गर्न स्थानीय तहलाई अनुरोध छ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयअन्तर्गतका विभागीय कार्यालय तथा शिक्षा विकास तथा समन्वय एकाइहरू र विश्वविद्यालयहरूको हकमा विश्वविद्यालय अनुदान आयोगले आवश्यक समन्वय गरी विपद् व्यवस्थापन तथा तत्काल राहतमा सहयोग गर्न र भौतिक, शैक्षिक र मानवीय क्षतिको विवरण विश्वविद्यालय अनुदान आयोग र शिक्षा तथा मानव स्रोत विकास केन्द्रमार्फत मन्त्रालयमा यथाशीघ्र पठाउन अनुरोध छ । मन्त्रालय परिवार यस विपद्को घटनाप्रति दुःख व्यक्त गर्दै विपद्मा परी निधन भएका सबैप्रति भावपूर्ण श्रद्धाञ्जली र परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दछ ।

विपद्बाट शैक्षिक क्षेत्रमा सिर्जित कुनै पनि प्रकारका समस्याका बारेमा मन्त्रालयको निम्नलिखित सम्पर्क नम्बरमा जानकारी गराइदिनुहुन सम्वद्ध सबैमा अनुरोध छ ।

लक्ष्मीप्रसाद भट्टराई

सहसचिव एवम् प्रवक्ता

सम्पर्क : ९८५११६९५६०

सूचना अधिकारी

नारायणप्रसाद पोखरेल

९८५१०१३९०८



Scanned with CamScanner